# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : १ संख्या : १ मिति : २०८१/०२/३०

भाग - २

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

## कैलारी गाउँपालिकामा रहेका तालतलैया संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८०

गाउँ सभावाट अनुमोदित मिति : २०८०।१२।२२

**प्रस्तावना:**

कैलारी गाउँपालिका भित्र रहेका तालतलैया संरक्षण तथा सम्वर्द्धन गरी पर्यटन प्रवर्द्धन, मत्स्य उत्पादन तथा प्रवर्द्धनका माध्यमवाट मत्स्य तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, मत्स्य तथा मत्स्यजन्य पदार्थको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने, तालतलैया परिसरलाई पर्यटकीय दृष्टिकोणले उपयुक्त र पर्यावरण मैत्री वनाउने तथा तालतलैया परिसरमा अन्य सभावित क्रियाकलाप सचालन गर्ने गरी माछापालन क्षेत्रमा आत्मनिर्भर वनाउन टेवा पुर्‍याउने उद्देश्यले यस पालिकामा रहेका ताल तलैयाको सरक्षण गर्न तथा कैलारी गाउँपालिका भित्रका सार्वजनिक क्षेत्रमा रहेका तालतलैयाहरुको व्यवस्थापन प्रकृयालाई व्यवस्थित तथा एकद्धार प्रणालीवाट संचालन सम्वर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सचालन ऐन, २०७४ दफा ११ उपदफा (४) को खण्ड (ड) तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ३ (२) बमोजिम यो कार्यविधि बनाई जारी गरिएको छ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

... चौधरी
अध्यक्ष

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "तालतलैया संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८०" रहेकोछ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।
(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
(ग) "वडा समिति" भन्नाले गाउँपालिकाका वडा जननिर्वाचित पदाधिकारीको समितिलाई सम्झनु पर्छ ।
(घ) "पालिका" भन्नाले कैलारी गाउँपालिकालाई सम्झनु पर्छ ।
(ङ) "आवेदक" भन्नाले तालतलैया निर्माण तथा सम्वर्द्धन गरी मत्स्य उत्पादन एवं पर्यटन प्रवर्द्धन लगायत, संभावित अन्य कृयाकलाप सम्वन्धी कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई प्रस्तवना पेश गर्ने वा ठेक्कामा लिनका लागि दिएको निवेदनलाई सम्झनु पर्छ ।
(च) "तालतलैया उपभोक्ता" भन्नाले कैलारी गाउँपालिका भित्रका प्राकृतिक तथा कृत्रिम तालतलैयाको संरक्षण सम्वर्द्धन गर्ने, सम्भाव्य स्थानहरुमा नयाँ तालतलैया संरक्षण गर्ने, तालतलैया परिसरलाई पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्ने लगायत संभावित अन्य कृयाकलाप संचालन गर्न तालतलैया क्षेत्रको वरपर वसोवास गरिरहेका वासिन्दाहरुलाई सम्झनु पर्छ ।
(छ) "कार्यक्रम" भन्नाले तालतलैया संरक्षण तथा सम्वर्द्धन गरी मत्स्य उत्पादन तथा पर्यटन प्रवर्द्धनसँग सम्वन्धित स्वीकृत कार्यक्रम र वजेट सम्झनु पर्छ ।
(ज) "तालतलैया" भन्नाले कैलारी गाउँपालिका भित्रका हिँउद याममा समेत पानी संचय हुने प्रकृतिका प्राकृतिक/कृत्रिम जलाशय सम्झनु पर्छ ।
(झ) "घोल" भन्नाले हिँउदमा याममा पानी सुक्ने प्राकृतिका प्राकृतिक/कृत्रिम जलासय सम्झनु पर्छ ।

**३. उद्देश्य** : (१) यस कार्यविधिको उद्देश्य देहाय वमोजिमको हुनेछ :

(क) मत्स्य तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
(ख) मत्स्य तथा मत्स्यजन्य पदार्थको आयात प्रतिस्थापन र उत्पादकत्व वृद्धि गर्ने,
(ग) माछापालन क्षेत्रमा आत्मनिर्भर वनाउने,
(घ) पर्यटन प्रवर्द्धन कार्यमा टेवा पुर्‍याउने,
(ङ) खाद्य सुरक्षामा टेवा पुर्‍याउने,
(च) पर्यावरणमैत्री वातावरण संरक्षणमा टेवा पुर्‍याउने,
(छ) विभिन्न किसिमका जलाशयको संरक्षण/सम्वर्द्धन गरी माछापालन गर्ने,
(ज) पानीको मूल संरक्षण/सम्वर्द्धन गर्ने,
(झ) आन्तरिक र वाह्य पर्यटकलाई आकर्षित गर्ने,

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

... चौधरी गा.पा. अध्यक्ष

## परिच्छेद - २
## तालतलैयाको व्यवस्थापन

४. गाउँपालिकाकाले कैलारी गाउँपालिकाको सार्वजनिक क्षेत्र भित्र रहेका प्राकृतिक तालहरुलाई आय आर्जन तथा पर्यटकीय क्षेत्रका रुपमा विकसित गर्दै माछापालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गरी माछापालन तथा पर्यटन प्रवर्द्धनका लागि सूचना आह्वान गरिनेछ ।

## परिच्छेद - ३
## कार्यक्रम सचालन प्रक्रिया

६. **कार्यक्रम सचालन** : (१) यो कार्यक्रम अन्तर्गत कैलारी गाउँपालिकामा रहेका सार्वजनिक क्षेत्रमा तालतलैया संरक्षण, सम्बर्द्धन, पर्यटन प्रवर्द्धन तथा माछापालन व्यवसाय संचालन गर्नका लागि कैलारी गाउँपालिकाले सार्वजनिक सूचाना आह्वान गरी अमानत ठेक्काद्धारा तालतलैयामा माछापालन कार्यक्रम सचालन गरिनेछ ।

७. **प्रस्ताव आह्वान**: यस कार्यविधि बमोजिम कार्यक्रममा सहकार्य गर्न इच्छुक तालतलैया माछापालक व्यवसायी, फर्म, व्यक्ति तथा संघ संस्थालाई लक्षित गरी प्रस्तवना आह्वान गरिनेछ । सूचना अनुसारको प्रस्तवना नपरेमा पुन: प्रस्तवना आह्वान गर्नु पर्नेछ ।

८. **प्रस्तवना दर्ता गर्ने** : यस कार्यक्रममा सहभागी हुन इच्छुक माछापालक व्यवसायी, फर्म, व्यक्ति तथा संघ संस्थाले सूचना बमोजिमको समय सिमाभित्र सूचनामा माग गरे बमोजिमको आवश्यक कागजातहरु यसै कार्यविधिको अनुसूची ३ बमोजिम प्रस्तावित कार्यक्रमहरु कार्ययोजना बमोजिम अनुसूची ४ बमोजिम प्रतिवद्धता पत्र समेत संलग्न राखी यस पालिकाको कार्यालयमा अनुसूची २ बमोजिम आवेदन पत्र दर्ता गर्नु पर्नेछ ।

९. **निवेदन माथि छनौट प्रक्रिया** : छनोटको प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) प्रस्तावनाहरुको छनौट सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम गरिनेछ ।
(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढीमा ३५ दिन भित्र निवेदनहरु माथि स्वीकृति दिनु पर्नेछ ।

१०. **प्रस्ताव वा निवेदकलाई जानकारी** : छनोट भएको अवेदक व्यक्ति, फर्म वा संस्थालाई निर्णय भएको सूचना वा जानकारी दिनु पर्नेछ ।

११. **सम्झौता**: (१) प्रस्ताव स्वीकृति भएका आवेदक वा संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूची ६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पितसँग सम्झौता गर्न सकिनेछ ।

कैलारी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

...सम्पक चौधरी
गा.पा. अध्यक्ष

## परिच्छेद - ४
## कार्यक्रम संचालनको आर्थिक पक्ष

१२. **लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन** : लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने साझेदार संस्थाद्वारा पेश भएको आवश्यक न्यूनतम क्रियाकलापहरुको अनुमानित लागत सहितको प्रस्तावित कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिने गरी सम्झौतामा उल्लेख गर्नु पर्नेछ र सोही बमोजिमको लागत साझेदारीमा कार्यक्रम सम्पादन गरिनेछ ।

१३. **अनुदान प्रवाह** : साझेदार संस्थालाई तपसिल बमोजिमको क्रियाकलापहरुमा अनुदान रकम उपलब्ध गराईनेछ ।

क) पर्यटकीय स्थलको निर्माण तथा व्यवस्थापन
ख) होर्डिङबोर्ड निर्माण गरी कार्यक्रम सचालन स्थलमा खर्च सहितको होर्डिङ बोर्ड राखिनेछ
ग) तालतलैया घोल पोखरीको मर्मत सम्भार
घ) प्रवेश निकासद्धार निर्माण गर्ने
ङ) डिल मर्मत सभार तथा नर्सरी व्यवस्थापनका लागि सिचाई बोरिंग
च) बार बन्देज गर्ने
छ) ताल पोखरीको पानीको चुहावट रोक्ने
ज) ताल पोखरी गहिरयाउने तथा सरसफाई गर्ने
झ) ठूलो साईजको माछा भुरा छाड्ने
ञ) डुगा, लाईफ जाकेट र जाल खरिद

१४. **बिल भरपाई पेश गर्नु पर्ने**: अनुदान रकम प्राप्त गर्न ताल तलैयामा ठेक्का पट्टा लिने व्यक्ति वा संस्थाले सम्झौता बमोजिमको बिल भरपाई पेश गर्नु पर्नेछ ।

१५. **रकम भुक्तानी तथा किस्ता निर्धारण** : कैलारी गाउँपालिकाका सार्वजनिक क्षेत्र भित्र माछा पालन व्यवसाय तथा पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँपालिकासँग द्विपक्षीय सम्झौता गर्ने माछापालक व्यवसायी, फर्म, व्यक्ति वा संघ संस्थाले सम्झौता बमोजिमको रकम नियमित रुपमा किस्तावन्दी बुझाउनु पर्नेछ । समयमा किस्ताको रकम नियमित नबुझाएमा गाउँपालिकाले नियमानुसार हर्जाना तथा ब्याज असुल गर्न सक्नेछ ।

१६. **तत्कालिन व्यवस्थापन** : यो कार्यविधि लागु हुनु भन्दा अघि स्थानीय स्तर ( सामुदायिक वन उपभोक्ता समिति, विद्यालय, क्लव तथा अन्य संघ संस्था) बाट तालतलैयाको ठेक्का आह्वान तथा व्यवस्थापन गरि सकेकोमा यसरी स्थानीय स्तरबाट व्यवस्थापन गरिएको ठेक्काको हकमा एक पटकका लागि मात्र तोकिएको ठेक्का सम्झौता अवधि गाउँपालिकाको सम्झौता मानी आपसी समझदारी गरी बाँकी बक्यौता रकम असुल उपर तथा बाँकी समयावधि यसै कार्यविधि बमोजिम थप भएको मानिनेछ ।

१७. **संशोधन** : कैलारी गाउँ कार्यपालिकाको गाउँ सभा बैठकको निर्णयले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१८. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१९. **बचाउ** : यो कार्यविधि कार्यान्वयन हुनु अगाडी गाउँ कार्यपालिकाको निर्णय अनुसार तालतलैया सम्बन्धी भए गरेको सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची-१

(दफा ७ संग सम्वन्धित)

प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

प्रकाशित मिति ......................

आर्थिक वर्ष २०...... को वार्षिक स्वीकृत कार्यक्रममा तालतलैया निर्माण तथा सम्वर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम रहेको हुँदा इच्छुक गठित तालतलैया उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल वमोजिमका कागजातहरु सलग्न राखी कृषि शाखामा निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचान प्रकाशन गरिएको छ।

**तपसिलः**

१ रु. १० को टिकट टाँसेको अनुसूची -२ अनुसारको निवेदन,

२. अनुसूची - ३ अनुसारको प्रस्तावित कार्यक्रमको प्रस्तावना,

३. अनुसूची - ४ अनुसारको प्रतिवद्धता पत्र

४. सम्वन्धित निकायमा दर्ता प्रमाण पत्र र नवीकरणको प्रमाणित प्रतिलिपि

५. वैक तथा वित्तीय संस्थाको कालो सूचिमा नपरेको प्रतिवद्धता स्वघोषणा

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

... अध्यक्ष
गा.पा. अध्यक्ष

## अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

आवेदन निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति :

कैलारी गाउँ कार्यपालिकाको कार्यालय,

हर्सुलिया, कैलाली ।

विषय : अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ..................बाट ......................मिति ..................मा प्रकाशित सूचना अनुसार तालतलैया निर्माण तथा सम्वर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम रहेकोले अनुदान सहयोग ठेक्का उपलब्ध गराइ पाउन निम्नानुसारको कागजात राखी निवेदन गरेको छु /छौ । यस तालतलैया प्रस्ताव स्वीकृत भएमा संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गरिनेछ ।

**संलग्न कागजातः**

१. नागरिकताको प्रतिलिपि

२. प्रस्तावित कार्य योजनाको प्रस्ताव पत्र

३. लागत साझेदारीको प्रतिवद्धता

४. फर्म भएमा निकायमा दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपि

निवेदक

हस्ताक्षर

नाम थर ..................

ठेगाना ..................

सम्पर्क नं. ..................

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्सुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-३

(दफा ८ सँग सम्बन्धित)

टेण्डर फर्म

| | |
|---|---|
| १. तालतलैया ठेक्का लिने वा प्रयोग गर्ने व्यक्तिको नाम : | |
| २. ठेगाना : | ३. सम्पर्क नम्बर |
| ४. तालतलैया रहेको स्थानको नाम : | ५. ताल तलैयाको नाम : |

६. कबोल रकम :

अंकमा ..............................

अक्षरमा ....................................................................................

कार्यालय छाप

प्रस्ताव पेश गर्ने व्यक्ति वा फर्म

हस्ताक्षर छाप :...........

नाम थर :...............

ठेगाना : ................

सम्पर्क नं. : ..................

दस्तखत :

## अनुसूची-४

(दफा ८ सम्वन्धित)

प्रतिवद्धता-पत्र

मिति २०............को सूचना अनुसार तालतलैया संरक्षण तथा सम्वर्द्धन गरी मस्य उत्पादन तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रम संचालन हुने जानकारी प्राप्त भएकोले सो कार्यक्रम संचालनको लागि प्रस्तावित कार्ययोजना सहित आवेदन गरिएको छ । उक्त कार्यक्रमको लागि प्रस्ताव छनोट भएमा सोही अनुसार कार्य गर्नेछु /छौ । सञ्चालित क्रियाकलापबाट बातावरणलाई असर नपुर्याउनुका साथै गाउँपालिकाको सहमती विना तालतलैयाको संरचनामा परिवर्तन गर्ने छैन । प्रतिवद्धता मुताविक कार्य नगरेमा कानून बमोजिम सहुँला बुझाउला ।

प्रतिवद्धता गर्नेको
हस्ताक्षर :...........
नाम थर :...............
ठेगाना : .................
सम्पर्क नं. : ....................

इति सम्वत् ............साल ......महिना..........गते रोज ....शुभम् ।

अनुसूची-५

दफा ११ को दफा (१) सँग सम्वन्धित

**सम्झौता-पत्र**

कैलारी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, हर्सुलिया, कैलाली (यसपछि पहिलो पक्ष भनिने) र आ.व. ............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ताल तलैया संरक्षण तथा सम्वर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम सचालनको लागि साझेदारी गर्ने ...... ताल तलैया ठेक्का पट्टा लिने वा संचालन गर्ने.............................(त्यसपछि दोस्रो पक्ष भनिने) वीच देहाय वमोजिमको शर्तनामाहरु पालना गर्ने गरी दुई पक्षीय सम्झौता गरिएको छ ।

**शर्तनामाहरु**

१ दोस्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मिति ............................ भित्र सम्पन्न गर्नु पर्नेछ ।

२ दोस्रो पक्षले सम्पन्न गरेको कार्यको मूल्यांकन तोकिएको मत्स्य प्राविधिकवाट गराई कार्य सम्पन्न प्रतिवेदन तयार पारी रुजु र प्रमाणित समेत गरेर भुक्तानीको लागि पहलो पक्षसमक्ष पठाउनु पर्नेछ ।

३. निर्माण वा ठेक्का लगाउनु पर्ने तालतलैयाहरुको लेआउट, डिजाइन र लागत ईस्टिमेट तोकिएको प्राविधिक मापदण्ड अनुरुप मत्स्य प्राविधिकद्धारा गराई सोही अनुसारको निर्माण गर्नु पर्नेछ ।

४. दोस्रो पक्षले अनिवार्य रुपमा अनुसूची-४ वमोजिम प्रतिवद्धता पूरा गर्नु पर्नेछ ।

५. पहिलो पक्षले प्रस्ताव वमोजिम नियमित काम गरे नगरेको अनुगमन गर्नेछ ।

६. पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको वैंक खातामा चेकवाट अनुदान रकम उपलब्ध गराउनेछ ।

७ यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वय हुनेछ ।

८. अनुदानद्वारा निर्मित तालतलैया, पर्यटकीय स्थलको प्रवर्द्धन तथा अन्य कार्यहरुको विवरण होर्डिवोर्ड दोस्रो पक्षले वनाई सार्वजनिक वनाई राख्नु पर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर :.......... | हस्ताक्षर :.......... |
| नाम थर :............... | नाम थर :............... |
| ठेगाना :............... | ठेगाना :............... |
| सम्पर्क नं :............... | सम्पर्क नं :............... |

रोहवर :

हस्ताक्षर :..........

नाम थर :...............

ठेगाना :...............

ईति सम्वत ........... साल ...... महिना ........... गते रोज ... शुभम् ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्सुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

... समक्ष चौधरी गा.पा. अध्यक्ष

९